**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- विदेश मंत्री डॉ. एस. जयशंकरले हिज वाशिंगटनमा अमरीकी विदेश मंत्री मार्को रूबियोसंग भेटवार्ता गर्नुभयो। यो भेटवार्ता महत्वपूर्ण खनिजहरुमा आयोजित हुने पहिलो मंत्रिस्तरीय बैठकभन्दा पहिले भएको हो।

- केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले महाराष्ट्रको पालघरमा मुम्बई-अहमदाबाद हाई स्पीड रेल-एमएएचएसआर परियोजनाको दोस्रो पहाड़ी सुरुङको निर्माण सम्पन्न भएको घोषणा गरेका छन्।

- भारतीय जनता पार्टी (भाजपा) का नेता युमनाम खेमचन्द सिंह हिजो सर्वसम्मतिले मणिपुरमा भाजपा विधायक दलको नेतामा निर्वाचित हुनुभएको छ।

- भारत र किर्गिजस्तानबीच १३ औं संयुक्त सैन्य अभ्यास आज असमको सोनितपुर जिल्लाको मिसामारीमा सुरु हुँदैछ।

- गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले आज पणजीको कम्पाल ग्राउण्डमा गोवा पुस्तक महोत्सवको उद्घाटन गर्नुहुने छ।

**जयशंकर-रूबियो**

विदेश मंत्री डॉ. एस. जयशंकरले हिज वाशिंगटनमा अमरीकी विदेश मंत्री मार्को रूबियोसंग भेटवार्ता गर्नुभयो। यो भेटवार्ता महत्वपूर्ण खनिजहरुमा आयोजित हुने पहिलो मंत्रिस्तरीय बैठकभन्दा पहिले भएको हो। श्री रूबियोले विदेश विभागमा जयशंकरको स्वागत गर्नुभयो। श्री जयशंकर 2 देखि 4 फरवरीसम्म अमरीकी भ्रमणमा हुनुहुन्छ र उहाँले श्री रूबियो द्वारा आयोजित महत्वपूर्ण खनिजहरुमाथि मंत्रिस्तरीय बैठकमा भाग लिनुहुनेछ। विदेश मंत्री र श्री रूबियोको यो भेटवार्ता ट्रंप द्वारा ट्रुथ सोशलमा गरिएको घोषणाको एक दिन पछि भएको हो जहाँ भारत र अमरीका एक व्यापार समझौतामा सहमत भएका छन्, जस अन्तर्गत अमरीकाले भारतमा लाग्ने पारस्परिक शुल्क 25 प्रतिशतबाट घटाएर 18 प्रतिशत गरेका छन्।

**वैष्णव-सुरंग**

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले महाराष्ट्रको पालघरमा मुम्बई-अहमदाबाद हाई स्पीड रेल-एमएएचएसआर परियोजनाको दोस्रो पहाड़ी सुरुङको निर्माण सम्पन्न भएको घोषणा गरेका छन्। यो सुरुङ देशको महत्वाकांक्षी बुलेट ट्रेन कोरिडोरमा एक महत्त्वपूर्ण कोसेढुंगा हो। यो सुरुङको लम्बाइ ४५४ मिटर र चौडाइ १४.४ मिटर रहेको छ। यो सुरुङले मुम्बई–अहमदाबाद बुलेट ट्रेन परियोजनाको माथि र तल दुबै ट्र्याकको लागि सुविधा प्रदान गर्नेछ। श्री वैष्णवले सम्पूर्ण टोलीलाई राम्रो गतिमा काम गरेकोमा प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, सम्पूर्ण विश्व भारतको पहिलो उच्च गति रेल परियोजनाको साक्षी बनिरहेको छ। उनले पाल्घरमा दोस्रो माउन्टेन सुरुङको निर्माण एक महिनाभित्रै सफलतापूर्वक सम्पन्न भएको र पहिलो सफलता यही जनवरी २ मा सम्पन्न भएको बताऊनुभयो। वैष्णवले भन्नुभयो, यस परियोजनामा प्रयोग भइरहेका धेरै उन्नत निर्माण प्रविधि र ठूला मेसिनहरू भारतमा निर्माण भइरहेका छन्। उहाँले भन्नुभयो, बुलेट ट्रेन परियोजनाको गुजरात खण्डमा अर्को वर्ष व्यावसायिक सञ्चालन सुरु हुने सम्भावना छ। श्री वैष्णवले भन्नुभयो कि हाई स्पीड रेल सञ्चालनले 2029 सम्म मुम्बई र 2028 सम्म ठाणेसम्म कोरिडोर विस्तार गर्ने अपेक्षा गरिएको छ। यस अवसरमा बोल्दै पालघर लोकसभा क्षेत्रका सांसद हेमन्त

विष्णु सावराले उच्च गतिको सुरुङ निर्माण गरेकोमा रेलमन्त्रीलाई धन्यवाद दिनुभयो। उनले हाई स्पीड रेल कोरिडोर, डेडिकेटेड फ्रेट कोरिडोर र आगामी वधावन पोर्ट सहित धेरै प्रमुख रेल परियोजनाहरू मार्फत जिल्लाको द्रुत विकासको बारेमा उल्लेख गर्नुभयो।

**आरबीआई-एमपीसी**

भारतीय रिजर्भ बैङ्क (आरबीआई) ले आफ्नो मौद्रिक नीति समिति (एमपीसी) को बैठक आज देखि शुक्रबारसम्म आयोजना गर्नेछ। आईबीआईका गभर्नर सञ्जय मल्होत्राको नेतृत्वमा रहेको छ: सदस्यीय एमपीसीको निर्णय शुक्रबार घोषणा गरिनेछ। अर्थशास्त्रीहरू अनुसार एमपीसी नीतिले कुनै पनि थप दर कटौतीलाई रोक्न सकिनेछ। यसको सट्टा केन्द्रीय बैंकले तरलता व्यवस्थापन, मुद्रा जोखिम व्यवस्थापन र ऋणपत्र बजारको स्थिरतामा ध्यान केन्द्रित गर्न सक्छ। फेब्रुअरी २०२५ पछि, आरबीआईले पहिले नै रेपो दरलाई १२५ आधार अंकले घटाएको छ र यसलाई ५.२५ प्रतिशतमा पुर् याएको छ। एमपीसीले अन्तिम पटक डिसेम्बर २०२५ मा दरहरू कटौती गरेको थियो, तसर्थ फेब्रुअरीमा यसलाई फेरि कटौती गर्ने अपेक्षा गरिएको छैन।

**भाजपा-मणिपुर**

भारतीय जनता पार्टी (भाजपा) का नेता युमनाम खेमचन्द सिंह हिजो सर्वसम्मतिले मणिपुरमा भाजपा विधायक दलको नेतामा निर्वाचित हुनुभएको छ। नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा बसेको व्यवस्थापिका दलको बैठकमा उनी निर्वाचित भएका हुन् । मणिपुरमा विधायक दलको नेताको निर्वाचनका लागि नियुक्त गरिएका पार्टीका महासचिव तथा केन्द्रीय पर्यवेक्षक तरुण चुगले सामाजिक सञ्जालमा एक पोष्ट मार्फत उनको निर्वाचनको जानकारी दिएका हुन् । श्री चुगले श्री सिंहलाई उनको सफल र प्रभावशाली कार्यकालको लागि शुभकामना पनि व्यक्त गर्नुभयो। उनले भन्नुभयो प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शन र नेतृत्वमा श्री सिंहको विशाल अनुभव, अटुट प्रतिबद्धता र बलियो नेतृत्वले पार्टीलाई अझ बलियो बनाउनेछ र मणिपुरका जनताको आकांक्षा पूरा गर्न मद्दत गर्नेछ। दुई पटक विधायक रहेका सिंह सिंगजामेई निर्वाचन क्षेत्रका विधायक हुन् र उनले राज्य विधानसभाको सभामुखको रूपमा पनि काम गरिसकेका छन्। मणिपुरका मुख्यमन्त्री एन बिरेन सिंहले राजीनामा दिएपछि मणिपुरमा गत वर्ष फेब्रुअरीदेखि राष्ट्रपति शासन लगाइएको छ।

**कुसुम अभियान**

महाराष्ट्र सरकारले कुष्ठरोग रोकथाम र उन्मूलनका लागि 'स्पर्श' जन जागरूकता अभियान र 'कुष्ठ मुक्त सुरक्षित महाराष्ट्र (कुसुम)' नामको विशेष अभियान सुरु गरेको छ। हिजोदेखि सुरु भएको यो अभियान फेब्रुअरी १३ सम्म जारी रहनेछ । यसअन्तर्गत सन् २०२७ सम्ममा प्रदेशमा कुष्ठरोगको संक्रमण निर्मूल गर्ने लक्ष्य राखिएको छ । कुष्ठरोग तथा क्षयरोग विभागका सहनिर्देशक डा. राजरत्न वाघमारेले कुष्ठरोग पहिचानका लागि नोभेम्बर १७ देखि डिसेम्बर २ सम्म प्रदेशमा विशेष अभियान चलाइएको बताउनु भयो । महाराष्ट्रका ३५ जिल्लाका शहरी र ग्रामीण क्षेत्रमा गरेर ८ करोड ४ लाखभन्दा बढी व्यक्तिहरुको परीक्षण गरिएको थियो । तीमध्ये 4 लाख 89 हजार 529 व्यक्तिहरूलाई संदिग्ध केसहरूको रूपमा पहिचान गरिएको थियो र 5 हजार 7सौ उनसठ व्यक्तिहरूमा कुष्ठरोगको पुष्टि भएको थियो।

**संशो बुद्ध अवशेष - श्रीलंका**

भगवान् बुद्धको पवित्र देवनेमोरी अवशेष साताव्यापी अन्तर्राष्ट्रिय प्रदर्शनीका लागि आज श्रीलङ्का लगिने भएको छ । संस्कृति मन्त्रालयले भगवान बुद्धका यी अवशेष निकै महत्वपूर्ण रहेको र पहिलो पटक देश बाहिर लैजान लागिएको जनाएका छन् |आकाशवाणी समाचारसँगको विशेष अन्तर्वार्तामा संस्कृति मन्त्रालयका सचिव विवेक अग्रवालले भन्नु भयो यो भारत-श्रीलङ्का मित्रताको उत्कृष्ट उदाहरण हो |उहाँले भन्नु भयो कि अवशेषहरुलाई 11 फरवरीसम्म श्रीलंकामा प्रदर्शनको लागि राखिनेछ। श्री अग्रवालले भन्नु भयो कि भारतको सांस्कृतिक पहुंचको साथ-साथै यसको सॉफ्ट पावर पनि बढीरहेको छ । उहाँले भन्नु भयो कि भगवान बुद्धको अवशेषहरु विभिन्न एशियाई देशहरुमा लगिने भएको छ र उहाँको संदेशलाई विश्व स्तरमा फैलाउने दायित्व भारतको रहेको छ ।

**Byte**

## सैन्य अभ्यास-खंजर

भारत र किर्गिजस्तानबीच १३ औं संयुक्त सैन्य अभ्यास असमको सोनितपुर जिल्लाको मिसामारीमा सुरु हुँदैछ । यस अभ्यासले द्विपक्षीय रक्षा सहयोगलाई बलियो बनाउनेछ र दुई देशबीच लामो समयदेखि रहेको सैन्य साझेदारीलाई सुदृढ पार्नेछ।

## गोवा पुस्तक महोत्सव

गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले आज पणजीको कम्पाल ग्राउण्डमा गोवा पुस्तक महोत्सवको उद्घाटन गर्नुहुनेछ। महोत्सवमा २०० भन्दा बढी स्टलहरुको उपस्थिति रहनेछ । आगन्तुकहरूले कोंकणी, मराठी र अंग्रेजी सहित धेरै भाषाहरूमा पुस्तकहरूमा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन। कार्यक्रममा एनबीटी इण्डियाका निर्देशक युवराज मलिक र लोकमान्य सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष किरण ठाकुरले साहित्यिक उत्सवको बारेमा जानकारी दिए। फेस्टिभलमा सचिन पिलगाउँकर, मृणाल कुलकर्णी र आचार्य प्रशान्तजस्ता वक्ताहरुको पनि